**Sanima Bank**
'A' Class Financial Institution Licensed by Nepal Rastra Bank

प.सं.२०८१/८२/वि.एस/१३ मिति:२०८१/०७/११

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई, शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ

**बिषय : वार्षिक साधारणसभा बस्ने तथा शेयर दाखिल खारेज बन्द (Book Close) हुने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस बैंकले आर्थिक वर्ष २०८०/८१ को संचित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पूंजीको ५.२६३२ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा पेश गरेकोमा नेपाल राष्ट्र बैंकबाट यस बैंकले प्रस्ताव गरे अनुसार नै वार्षिक साधारणसभाबाट स्वीकृत गराई बितरण गर्न मिति: २०८१/०७/०९ को पत्र मार्फत स्वीकृति प्राप्त भएको हुँदा यस बैंकको मिति: २०८१/०७/१० गते बसेको संचालक समितिको ६२५ औं बैंठकको निर्णयानुसार बैंकको २०औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा बस्ने निर्णय भएको व्यहोरा तँहाको जानकारीको लागि अनुरोध छ । साथै, साधारणसभामा छलफल हुने बिषयहरु तथा साधारणसभासंग सम्बन्धीत जानकारीहरु मिति २०८१/०७/.१२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी तँहा कार्यालयलाई जानकारी गराईने व्यहोरा समेत अनुरोध छ ।

**सभा हुने मिति, स्थान र समय :**

१. मिति : बि.सं.२०८१ साल मंसिर ४ गते (नोभेम्बर १९, २०२४) मंगलबार ।
स्थान : आम्रपाली बैङ्क्वेट, भाटभटेनी, काठमाण्डौ ।
समय : विहान ११:०० बजे ।

२. **शेयर दाखेल खारेज** (Book Close) **सम्बन्धी विवरण :**

- २० औं वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८१/०७/२५ गते एक दिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिने छ ।
- नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द (Book Close) हुनु भन्दा अघिल्लो दिनसम्म कारोबार भई शेयर खरिद गरी नियमानुसार निजहरुका नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आर्थिक वर्ष २०८०/८१ को नगद लाभांस पाउन योग्य हुनु हुनेछ ।

भवदीय

रूद्रप्रसाद बन्जरा
कम्पनी सचिव

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

**वोधार्थ:**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री सिडिएस.एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
४. श्री सानिमा क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।